CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ. ग्रन्थालय

गीता-रहस्य

द्वितीय संस्करण

उ. ग्रं. ६३१३

का. वि. वि. पुस्तकालय

मू० १।—

श्री क्षितीशचन्द्र
चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता-रहस्य

वा. वि. पुस्तकालय

(वेदान्त-२७१)

ज्ञाननिष्ठ
श्री क्षितीशचन्द्र चक्रवर्ती
एम्० ए० बी० एल०

मूल्य रु।2-00

प्रकाशक
केशरीमाया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संवत् २०२१ मा
प्रथम संस्करण एक हजार १०००



मुद्रक—
नेपाल प्रेस,
६/५९८ न्यूरोड,
काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वक्तव्य

"ईश्वर-विज्ञान" प्रस्थानत्रयको सार संग्रहको भित्र यो "गीता-रहस्य" गीता-परिशीलन नामले लिखित छ। "ईश्वर-विज्ञान" प्रकाशित हुनुभन्दा पहिले मुमुक्षुहरूलाई गीताको रहस्यसार प्राप्त गरी सुखी र सन्तुष्ट रहन पाऊन् भन्नाको निंति बन्दीपुरनिवासी परम-भगवद्-भक्त श्री अनतनाराकणकी सुपुत्री श्री केशरीमायाको सदिच्छाबाट यो किताब प्रकाशित भइरहेको छ। वाहाँको शुभकामनाले सारा शोक मोह छुटेर भक्तहरु परमपद प्राप्त गरुन् भनी हामी परमात्मा कृष्ण र श्री परमदयालु साक्षात्कारवान् गुरु श्रीक्षितीशचन्द्र चकवर्तीमा प्रार्थना गर्दछौं।

भक्त-गोविन्दराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द. नै. ६३१२
वा. वि. पी. पुस्तकालय
मूल्य ५ -

गीता-रहस्य

(क) गीताको लक्ष्य

गीताको लक्ष्य जान्नको लागी ग्रन्थको उपक्रम, उपसंहार र परिणाम (फलितार्थ) माथि दृष्टि दिनुपर्छ।

गीताको आरंभ श्लोक २।११ मा भगवान् भन्नुहुन्छ जसको लागी शोक गर्नु अनुचित हो तिनीहरूको लागी तिमी शोक गर्छौं फेरि पण्डितको झैं कुरा गरिरहन्छौ। पण्डित जन जीवको जन्ममृत्युरुप व्यापारमा चिन्तायुक्त हुँदैनन् यो श्लोकमा भगवान् उपदेश गर्न सुरु गर्दै आत्मविस्मृतिरुप मोहलाई निर्देश गर्नुहुन्छ। यसबाट बुझिन्छ की गीतोपदेशको सम्पूर्ण तात्पर्य हो शोक-मोह-निवृत्ति अर्थात् शोक मोहरुप अन्धकार-लाई हटाईकन ज्ञान सूर्यको पूरा प्रकाश गरिदिनु नै गीताको उद्देश्य हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐले गीताको उपसंहार हेर्नोस्। १८।६६ श्लोकमा यो उपसंहार भएको छ। गीताको उपसंहार पनि ("शोक नगर्नु") यसैलाई नै निर्देश गरेको छ। त्यसो भए उपसंहार पनि हो शोक-मोह-निवृत्ति-परक।

त्यसपछि फलितार्थ (नतीजा) हेर्नुहोस्। १८।७३ श्लोकमा अर्जुन भन्छन् की तपाईंको कृपाले मेरो शोक र मोह नष्ट भएको छ, स्वरुपक स्मृति प्राप्त भएको छ र म संशय-रहित (अज्ञान-रहित भएको छु)। गीताको परिणाम पनि हो शोक-मोहको निवृत्ति।

जब शुरुदेखी अन्त्यसम्म गीताको प्रयोजन हो शोक-मोहको निवृत्ति तब गीताको एकमात्र ध्येय हो ज्ञानयोग, यो भन्नु अनुचित हुँदैन। श्रुतिले पनि शोक-मोहबाट तर्नुको उपाय हो एकमात्र ज्ञान भनी बताएको छ।

गीताको ध्येय हो ज्ञानयोग, यसको बारेमा संक्षेपले बताइन्छ। अठार अध्यायको भित्र प्रथम अध्याय हो भूमिका, सप्तदश अध्यायसम्म ज्ञानको साधन-कर्मयोग, संन्यासयोग र उसको अङ्गोपाङ्गको विशद व्याख्या गरीएको छ र अष्टादश अध्यायमा सबै अध्यायको सारभूत अर्थ बताइएको छ। अष्टादश अध्यायमा पनि (१८।६३ र १८।६४) दुई श्लोकद्वारा गीताको चरम लक्ष्य भगवान्ले उपदेश दिनुभयो।

ऐले गीतापदेशको स्वरूप बताइन्छ—यो हो—१८।६५ श्लोकमा उपासनासहित कर्मनिष्ठा (चित्तशुद्धि) भनिकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् धर्मको त्यागरुप संन्याससहित (१८।६६ श्लोकमा) ज्ञाननिष्ठालाई (विचारलाई) निर्देश गर्नुभो। याहाँ संन्यास भन्ने मुख्य रुपले अनन्य व्यापारता बुझाइन्छ। अनात्म मात्र जो कार्य कारणरूप जगत्को दृश्य हो त्यसको मोहमाया भ्रम-लाई निरसन गरिकन सब विश्वको अधिष्ठान जो म हुँ त्यो मेरो स्वरूपदेखि अतिरिक्त यो मृगमरीचिका झैं संसारमा अरु क्यै छैन यस्तो जान र यस ज्ञानको शरणागत हौं—यो ज्ञानलाई स्वीकार गर भनिकन १८।६६ मा भगवान्ले बताउनुभो !

(ख) गीतोक्त लक्ष्य प्राप्तिको साधन

सारा दुःख (शोक) र मोह (आत्मस्वरूपको अज्ञान) निवृत्त गर्नु नै हो गीता शास्त्रको उद्देश्य। शोक र मोहको निवृत्ति भएपछि आफ्नो नित्य अखण्ड सुखस्वरूपको स्वतः प्राप्ति भइहाल्छ। यसैको नै नाम हो मुक्ति। यसकारण गीता-लाई-मोक्ष शास्त्र भनेको छ।

चित्त निर्मल हुनुको नाम हो मोक्ष। अर्थात् अनात्म देह आदिमा जो. म. भनीकन अभिमान हो—"म हुँ मन, शरीरलें युक्त चैतन्य" यस्तो निश्चय–जब नष्ट हुन्छ तब नै मोक्ष सिद्ध हुन्छ। सबै प्रकार विषयाकार वृत्तिको सम्पर्क क्षय भएपछि चित्त अचित्त हुन्छ र आत्मस्वरूपको यथार्थ ज्ञान उदित हुन्छ। सम्यक् आत्मबोध प्राप्त भएपछि सारा जगद्-भ्रम विनष्ट हुन्छ र मनुष्य चिर-सुखी हुन्छ। आत्मज्ञान विना मुक्तिको अरु कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपाय छैन। जाहाँसम्म चित्तको वृत्ति रहिरहन्छ त्याहाँसम्म दृश्य-पदार्थको अभाव हुँदैन र दुःखको पनि आत्यन्तिक निवृत्ति संभव छैन। यसकारण मोक्ष भन्ने केवल चित्तको सम्यक् क्षय (चित्तको आत्यन्तिकनाश)हुनु हो—मोक्ष अरु केही होइन। जब देहादि कुनै अनात्म विषयको इच्छा चित्तमा बिलकुल उठ्दैन र यसको परिणामले चित्तको सारा विकार (वृत्ति) विनष्ट भइहाल्छ र चित्त अचित्त (किम्वा आत्माकारमा अत्यन्त परिणत किम्वा ज्ञाता, ज्ञान र ज्ञेय यस्तो विभागबाट रहित भएको) हुन्छ तर परमानन्दस्वरूप आत्मा नै स्वयं र सर्वदा प्रकाशित रहन्छ। यो नै हो गीता शास्त्रमा प्रतिपादित मुक्ति।

(ग) चित्तनाशको क्रम

ज्ञाननिष्ठा

नित्य निरन्तर भक्तिपूर्वक ("म को हुँ ? "यसको अनुसन्धानपूर्वक) चित्तलाई साक्षि-स्वरूपमा स्थित राख्नुको अभ्यासलाई ज्ञाननिष्ठा (ब्रह्माभ्यास) भनेको छ। यसको फलले सारा दृश्य पदार्थको अभावपूर्वक निर्विषय दृक्स्वरूप (शुद्ध आत्मचैतन्य) स्वयं प्रकाशित भइहाल्छ। बुद्धिको सूक्ष्मता, आत्मस्वरूपको (अल्पकालीन) अनुभव, अपरायत्त बोध (स्वयंसिद्ध प्रकाश) किम्वा निदिध्यासन—यो सारा हो ज्ञाननिष्ठाको नाम। यो हो प्रधान अभ्यास-भूमिका—यो हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगवाशिष्टको तृतीय ज्ञान भूमिका—यसमा कुनै अनात्माकार वृत्ति रहँदैन—चित्त विषयाकार-वृत्तिरहित हुन्छ—र यस्तो सूक्ष्म अन्तःकरण वृत्तिद्वारा (ज्ञाता आदि विभागले रहित अन्तःकरणद्वारा) अद्वितीय आत्मस्वरूपको स्वतः अनुभव भइरहन्छ। ध्यान गर्नुको योग्य कुनै पृथक् विषय बाँकी रहँदैन केवल आफ्नो शुद्ध चैतन्यस्वरूप प्रकाशित भइरहन्छ। यो कसरी जान्नु ? यसको उत्तर यो हो कि तत्कालीन सूक्ष्म बुद्धि-वृत्ति ब्रह्माकार वृत्तिद्वारा शुद्ध चिद्रूप आत्मा प्रकाशित भइरहेको छ भनी जानिन्छ। अर्थात् तत्कालमा शुद्ध चैतन्य (ब्रह्म) अभिन्न बुद्धिको सहाराले अनुभूत भइरहन्छ।

उत्तम विचार-वान् मुमुक्षु-सारा अनात्म प्रपञ्च (दृश्य) लाई परिहार गरेर आफ्नो सनातन स्वप्रकाश सुखस्वरूपमा यसप्रकार स्वतः अवस्थित भइरहन्छ। यो कुनै आगंतुक अवस्था होइन किन्तु यो सबैको सहज स्वभावसिद्ध सनातन अवस्था हो। सारा पदार्थ आत्माको सत्ता पाईकन (अर्थात् आत्म-स्वरूपमा कल्पित भईकन) सत्य भनि प्रतीत हुन्छ र पदार्थको अभाव भए (कल्पना-परित्याग गरे) आत्म-सत्ता नै बाँकी रहन्छ। त्यसकारण अन्वय-व्यतिरेकबाट एक मात्र आत्मा नै सिद्ध हुन्छ। यसरी आफ्नो यथार्थ अद्वितीय चैतन्य-स्वरूप-लाई नजान्नाले मनुष्य मूर्खतावशात् नानाविध विषय-चिन्त-नमा व्यर्थ लागीरहन्छ। सारा पदार्थ हो आत्मरूप। चिन्तनको फलले कुनै नयाँ विषय प्राप्त हुँदैन (मायाद्वारा रचित व्याव-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हारिक विषयको प्राप्ति मनुष्यको केवल प्रारब्धवशात् यथा-समयमा संभव हुन्छ)। विचार परिपक्क भए—निश्चिन्त भएर आत्म-स्वरूपमा स्थित भए-बुद्धिपूर्वक (जानेर) चित्तलाई साक्षिस्वरूपमा स्थापन गरेपछि (यसैलाई विचार भनेको छ) —निदिध्यासन भूमिका सजिलोसित नै प्राप्त हुन्छ।

विचार ध्यानदेखि भिन्न हो। अनात्म-चिन्तनबाट विरत भएर आफ्नो स्वरूपमा सहज अवस्थान गरिरहनुलाइ विचार भनेको छ। अःन्तकरणसित मिलीकन आफूदेखी पृथक् साक्षि-स्वरूपलाई चिन्तन गर्नु-"म हुँ शुद्ध चैतन्य" यस्तो चिन्तन गर्नु हो ध्यान। ध्यान हो अनात्म-विषय-चिन्तनदेखी धेरै उत्कृष्ट ("ज्ञान-साधन प्रश्नोत्तरी") हेर्नोस्।

कर्मनिष्ठा

ध्यान (उपासना) हो भेद भावको उपर आधारित—ध्येय (उपास्य) वस्तु—ध्याता या उपासकदेखी पृथक् हुन्छ। ध्यान किम्वा उपासना हो सगुण र निर्गुण भेदले दुइ किसिमकोः—

(अ) जो आफूलाई अन्तःकरण-विशिष्ट चैतन्य भनी निश्चित रूपले जान्दछ—यो देह र जगत्को बाहिरी पदार्थहरूलाई ईश्वर-सृष्ट र अत्यन्त साँचो भनी अनुभव गर्छ र ईश्वरलाई आफूदेखी भिन्न भनी मान्दछ यस्तो देहाभिमानी (अहंभाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युक्त) र जगत्मा दृढ साँचो बुद्धि भएको मानिस हो भगवान्को सगुण उपासक। यस प्रकार मनुष्य नै हो निष्काम कर्ममा अधिकारी।

(आ) जो हुनुहुन्छ उत्तमसंस्कारवान् र देहाभिमान-रहित (अन्तःकरणप्रतिविम्ब चैतन्यलाई आफ्नो स्वरूप भनी मान्नु हुन्न) र जो यो असार संसारमा एक मात्र भगवान् नै (अन्तःस्थित साक्षी चैतन्य नै) हो सार वस्तु र तिनी नै हो मेरो यथार्थ स्वरूप—अर्थात् भगवान् हो आफ्नो स्वरूपदेखी अत्यन्त अभिन्न र एक अद्वितीय चैतन्य वस्तु—यस्तो जान्नु हुन्छ तिनीलाई निर्गुण उपासक (किम्वा ज्ञानीभक्त) भनेको छ। तिनी कर्ममा अधिकारी नभएको हुनाले (किनकि देहा-भिमानी अज्ञानी मनुष्य नै हो कर्ममा अधिकारी) सारा कर्म संन्यास (परित्याग) पूर्वक ज्ञाननिष्ठामा लागीरहनुहुन्छ। गीतामृत ग्रन्थ पृष्ट २३२, ३५५ र ६०४ हेर्नोस्।

सगुण उपासक किम्वा कर्मयोगी श्रद्धापूर्वक ईश्वरार्पण बुद्धिले शास्त्र विहित कर्मको अनुष्ठान गर्छ। आफूलाई भगवान्-देखी भिन्न जानेर संस्कार किम्वा श्रद्धाको बलले चित्तलाई भगवान्मा अर्पण गर्छ—अन्तर्यामी भगवान्मा स्थापन गर्छ। यसरी चित्तमा कर्ता-भाव कर्म-फलको इच्छा उठ्न नदिईकन निश्चल (वृत्तिरहित) चित्तद्वारा संस्कारको बलले (अबुद्धि-पूर्वक) अन्तरात्मा भगवान्सित युक्त हुन्छ (यसकारण निष्कामकर्मलाई योग भनेको छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मयोगको सहाराले चित्त अन्तर्मुख (भगवदभिमुख किम्वा प्रत्यक् प्रवण) भइहाल्छ (गीतामृत ग्रन्थ पृष्ट १४६ को तल हेर्नुहोस्) र साथै साथ उपासना (भक्ति) द्वारा अन्तर्यामी नियन्ता साक्षी-स्वरूपमा (भगवान् नै सबैको हृदयमा साक्षी-रूपले स्थित हुनुहुन्छ) चित्त स्थिर भइहाल्छ। सगुण उपासक (आर्त जिज्ञासु र अर्थार्थी भक्त) आफ्नो स्वरूपलाई नजानेर (श्रद्धारूप संस्कारको बलले) अन्तर्यामी भगवान्का साथ युक्त हुन्छ र ज्ञानीभक्त (निर्गुण उपासक) आफ्नो यथार्थ स्वरूपलाई (बुद्धिपूर्वक) जानेर त्यस यथार्थ स्वरूप भगवान्मा सर्वदा समाहित चित्त भइहाल्छ।

श्रद्धापूर्वक ईश्वर प्रीतिको लागी यस जन्ममा किम्वा अरू जन्ममा शास्त्रबिहित कर्मको अनुष्ठान र साथै साथ सगुण उपासना नगरे आफ्नो साक्षि-स्वरूपको ज्ञान (त्वं पदको) शोधन हुन सक्दैन। यसकारण आधुनिक धेरै विद्वान् पुरुषमा चित्त-शुद्धि र योग-सिद्धि (त्वं र तत् पदको शोधन) उत्पन्न भएको देखिंदैन। कर्मजोग किम्वा उपासना संस्काररूप श्रद्धाको फलले सम्भव हुन्छ, यसको परिणामले चित्त अन्तर्मुख र निश्चल (वृत्तिरहित) भएर स्थित हुन्छ। चित्तको समता किम्वा निश्चलता हो भगवानको आराधना। तब नै प्रमाता-भावको र जाग्रत्कालीन सारा प्रपञ्चको मिथ्यात्व जानिन्छ। जो श्रद्धापूर्वक भगवत् पूजा (निष्कामकर्म नै हो भगवान्को पूजा) गर्दैन त्यसको प्रमाता-भाव र जगत्को पदार्थमा दृढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यता-बुद्धि कहिले पनि शिथिल हुन सक्दैन। उपासनासित कर्मजोगको अनुष्ठान भए संस्कारद्वारा देहादि अनात्म प्रपञ्चमा मिथ्यात्व बुद्धि उदित हुन्छ—जाग्रत् अवस्था (अबुद्धिपूर्वक) स्वप्नावस्था झैं प्रतीत हुन्छ। किनकि वास्तवमा प्रमाता (अहं भाव) र प्रमेय (जगत्) हो वहिर्मुख (वृत्ति युक्त) अन्तःकरणमा साक्षी-चैतन्यको प्रतिविम्ब मात्र दृढ अध्यासको फलले उसमा सत्यता बुद्धि भइरहन्छ। अन्तःकरण साक्षि-चैतन्यमा निश्चल रूपले स्थित भएपछि सारा प्रपञ्च-प्रतीतिको अभाव सिद्ध हुन्छ। केवल मात्र निर्गुण भगवत्-स्वरूप (ब्रह्म) स्वयं अनुभव गोचर भइहाल्छ। यो नभए पनि ज्ञान-निष्ठाको अधिकारी हुनु बन्दैन। (गीतामृत ग्रन्थ पृष्ठ ३६० र ३६० को तल हेर्नोस्।

यसरी कल्पित देहादि सारा दृश्य पदार्थको प्रकाशक जो आफनो साक्षि-स्वरूप (हृदयस्थित एक अद्वितीय चित् स्वरूप भगवान्) हो वास्तवमा जगत् आदि सारा दृश्यरहित निर्गुण ब्रह्म मात्र—यस्तो निश्चय (श्रवण) संभव हुन्छ (गीतामृत ग्रन्थ पृष्ठ ४१६ हेर्नोस्)।

यसको परिणामले विचार—("म हुँ ब्रह्म" यस्तो वृत्ति) उत्पन्न हुन्छ र विचारद्वारा साक्षात्कार उदित हुन्छ र मुक्ति सिद्ध भइहाल्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

चित्र १

कर्मनिष्ठा र ज्ञाननिष्ठालाई चित्रद्वारा तल देखाइन्छ



CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

चित्र १ को

	सगुण भक्तिको फलले चित्तविशिष्ट भाव र उपाधिभेदको। कल्पना शिथिल हुन्छ र निर्गुण भक्ति प्राप्त हुन्छ। गीतामृत पृष्ठ ३६० र ३६४ हेर्नोस्			
चित्त अन्तर्मुख (प्रत्यक् प्रवण हुन्छ)	पुण्यकर्मा र भगवद भिमुख हुन्छ—संसार परायण होइन	भगवान्मा चित्त समाहित हुन्छ	चित्त अन्तर्मुख, चित्त निश्चल हुन्छ	
कर्मजोगी	कर्मजोगी	कर्मत्यागी	कर्मसंन्यासी साक्षि-स्वरूपमा अवस्थित। (गो. पृ. पृ. ५६६)	विवेकशील र विचार परायण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त हो साँचो यस्तो मानीकन जो मध्यम अधिकारी चित्त-शुद्धि-लाभ गरिकन विचार-परायण हुन्छ त्यो कसरी ब्रह्म-साक्षात्कार प्राप्त गर्छ त्यो क्रम अहिले चित्रबाट तल देखाइन्छ (गीतामृत ग्रन्थ पृष्ठ ६०१-६०४ हेर्नुहोस्)।

(ज्ञाननिष्ठाको परिपाक र परिसमाप्ति गीतामृत पृष्ठ ६१२-६१३)

वेदान्त-श्रवणबाट मुमुक्षु निश्चय गर्छ कि त्यो हो अन्तःकरण देखी सारा अत्यन्त भिन्न केवल चैतन्य मात्र (चित्तादि हो असत्य पदार्थ), अनात्मकार्यरूप देह इन्द्रिय प्राण, मन त्यो होइन, यिनीहरू पनि यसका होइनन् (यिनीहरू हुन् मायाको कार्य मात्र)। देहादिसित त्यसको कुनै सम्बन्ध छैन, सारा अनात्म प्रपञ्च मायाबाट रचित छ—यिनीहरू वास्तव होइनन्। त्यसकारण त्यसको कुनै विषयाकार वृत्ति छैन। यसरी स्वतःसिद्ध सनातन आफ्नो साक्षि-चैतन्य-स्वरूपमा स्थित हुन्छ। यसरी छिन-छिनमा विषयाकार वृत्तिले रहित त्यसको चित्तमा अखण्ड चित् वस्तु स्पष्ट रूपले भासमान भइरहन्छ—मुमुक्षु पुरुष बुद्धिपूर्वक आफूलाई हृदयमा छिन-छिनमा केवल प्रकाशरूप वस्तु भनी अनुभव गरिरहन्छ (देह आदि जगत् पदार्थको अलिकति पनि भान हुँदैन)। हृदयमा यस्तो शुद्ध चित् स्वरूप आत्माको प्रकाशन भइरहनुलाई श्रवण भनेको छ।

यसपछि सर्वदा आफ्नो वास्तव शुद्ध चैतन्य स्वरूपलाई हृदयमा प्रकाशमान राख्नुपर्छ। मुमुक्षु पुरुष त्यसको विशुद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयमा कुनै विषयाकार वृत्तिलाई स्फुरति हुन दिंदैन। यदि संशय वशात् अकस्मात कुनै अनात्म-भावना उठिहाल्छ तब अनुकूल जुक्तिको सहाराले त्यसलाई हटाइदिनुपर्छ र आफ्नो साक्षिस्वरूपलाई हृदयमा प्रकाशित राख्नुपर्छ। (गीतामृत पृष्ठ ४४१-४४२ हेर्नोस्) यसलाई मनन भनेको छ—संशय प्रतिवन्ध निवृत्त नभए आत्मस्वरूपको आपात ज्ञानले कुनै फल हुन सक्दैन।

प्रयत्नपूर्वक हृदयमा चैतन्यस्वरूप आत्माको प्रकाश निरन्तर अक्षुण्ण राख्नुपर्छ। कैले पनि अनात्म-चिन्तनद्वारा त्यसलाई अलिकति पनि ढाकीदिन हुँदैन (गीतामृत पृष्ठ ४४०-४४१ हेर्नोस्)। प्राक्तन संस्कार (अनात्म-वासना-वशात् अकस्मात् कुनै विपरीत भावनाको उदय भएपछि विवेक विचारको सहाराले त्यसलाई निवारण गरोदिनु (गीतामृत पृष्ठ ३५६ हेर्नोस्)। यसको परिणामले हृदयमा आत्म-चैतन्यको प्रकाश निरन्तर भइरहन्छ।

क्रम क्रमले धेरै समयको लागी हृदयमा केवल आत्मा प्रकाशित भइहाल्छ, अरू कुनै साक्षि-भाष्य पदार्थको (दृश्यको) अनुभव हुँदैन। यो हो निदिध्यासन भूमिका-यसमा (१) अनात्माकार कुनै दृश्य रहँदैन किन्तु (२) बुद्धिबाट केवल आत्म-स्वरूपको अनुभव भइहाल्छ। त्यस अनुभवलाई प्रयत्नपूर्वक अविच्छिन्न राख्नुपर्छ। यसको फलले क्रमले वासना-क्षय र मनोनाश हुन्छ (शान्ति गीता पृष्ठ १७२-८१ हेर्नोस्)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निदिध्यासनको परिपाक भए निर्विकल्प समाधिमा चित्तको सारा भ्रम र विषय विनष्ट हुन्छ र ब्रह्मात्म-स्वरूप स्वयं र एकैपल्ट प्रकाशित भइहाल्छ। त्यसलाई साक्षात्कार या सम्यक् ज्ञान भनेको छ।

ज्ञान-साधन-परम्परा-अवलंवनले चित्त क्रमले (१) शुद्ध, (२) विशुद्ध, (३) चित्स्वरूपप्रविष्ट र (४) अत्यन्त विनष्ट भइहाल्छ। यो भूमिका-परिणति तल १५ र १६ पृष्ठमा चित्रमा देखाइन्छ।

यसरी देखिन्छ कि चित्तलाई सत्य भनी स्वीकार गरे (साँचो भनी माने) चित्त वृत्तिलाई समाहित गर्नुको लागी पैले।

(अ) उपासनासहित कर्मयोग हो अत्यन्त आवश्यक -अन्तर्यामी ईश्वरमा चित्त अर्पित भए अन्तर्मुख चित्तको सहाराबाट अन्तरात्मस्वरूप भगवान्‌लाई अबुद्धिपूर्वक अनुभव गर्नु सम्भव हुन्छ। सर्वात्म भगवान् हो मेरो वास्तव स्वरूप— संस्कारद्वारा यस्तो अनुभव भइहाल्छ। हृदयमा अवस्थित सर्व-व्यापक परमात्तम अन्तर्मुख चित्तमा सामान्यरूपले भासमान (सामान्यरूपले अनुभूत) हुनुहुन्छ। यसको परिणामले पछि।

(आ) मन सगुण उपासनाद्वारा वशीकृत हुन्छ र देहा-भिमान ("म देह हुँ यस्तो निश्चय") शिथिल हुन्छ— "म कर्ता हुँ, म भोक्ता हुँ यस्तो भाव गलित हुन्छ र ज्ञानी भक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

चित्र २.

श्रवण मनन | | आत्माको सामान्यज्ञान	निदिध्यासन (समाधिको प्रथमावस्था)	साक्षात्कार (निर्विकल्प समाधि) दृढ आत्मज्ञान
चित्स्वरूप आत्मा हृदयमा प्रकाशित हुन्छ । संशयको निवारण र आत्मस्वरूप प्रकाशमान हुन्छ ।	बालना-क्षयको प्रयत्न र अत्यन्त सूक्ष्म बुद्धिबाट साक्षी चैतन्यको घेरै समयको लागी अनुभव भइ-रहन्छ ।	बासना-क्षय र मनोनाशपूर्वक विकल्परहित चिन्मात्र बुद्धिवृत्तिद्वारा ब्रह्मात्मस्वरूपको सम्यक् र आखिरी प्रकाशित हुन्छ !
प्रमाणसंशयको नाश | प्रमेय संशयको नाश	बासना-क्षय-सम्पादन	मनोनाश (चित्तनाश) साधन (शान्ति-गीता पृष्ट १७७-१४१ हेर्नोस्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र २ को

चित्तशुद्ध (चित्त वहिर्मुख र वृत्तियुक्त होइन)।	चित्तविशुद्ध (निःसंदिग्ध रुपले चित्त साक्षि स्वरूपमा स्थित छ)	चित्त निर्विकल्प चैतन्यमा अनुप्रविष्ट भएको (चैतन्यदेखी अभिन्न चित्त केवल चित्स्वरूपलाई अनुभव गर्छ ।)	चित्त अखण्ड चित्स्वरूपमा प्राप्त भएको (चित्त या बुद्धि बिनष्ट भएको) चिन्मात्र चित्तले अखण्ड ब्रह्म-स्वरूपलाई आफ्नोरी अनुभव गर्छ ।) (गीतामृत पृष्ट १६६ हेर्नोस्)
चित्त आदि सारा पदार्थ चैतन्यमा कल्पित छ (*सत्यहोइन*) सर्प आदि रज्जु-मा कल्पित हो —सत्यहोइन ।	चित्तादि हो *चैतन्यमात्र* सर्प हो रज्जु मात्र	चित्त देखिदैन—*चैतन्यको* नै *अनुभव* भइरहन्छ सर्प हराएको छ—रज्जु देखि-इरहेको छ ।	चित्त बिल्कुलै छैन, केवल अखण्ड चैतन्य सर्वदा *प्रकाशित* छ ।। सर्पको लेश पनि छैन, केवल रज्जु स्पष्ट दृष्ट भइरहेको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(निगुण उपासक) अमानिता आदि गुणले युक्त भएर सबै धर्मको त्यागरूप संन्यासमित ज्ञाननिष्ठाको (विचारको) योग्य हुन्छ । देहादि सारा अनात्म प्रपञ्च अविद्या (माया) द्वारा रचित र इन्द्रियगोचर भइरहे तापनि भगवान्देखि त्यसको पृथक् सत्ता नभएको हुनाले त्यो वास्तवमा मिथ्या भनी थाहा हुन्छ—चित्त जब अन्तर्मुख अचंचल भएर स्थित हुन्छ तब कुनै पदार्थ प्रतीत हुँदैन । त्यसकारण विवेकी पुरुष त्यसको लागी कहिले पनि इच्छा गर्दैन (ज्ञाननिष्ट पुरुषको चित्त कहिले पनि विषयाकारमा किम्वा इच्छाको आकारमा आकारित हुँदैन) । तिनको चित्त सर्वदा आफ्नो अद्वितीय साक्षि-चैतन्य स्वरूपमा सजिलोसित बसीरहन्छ-तिनी सर्वदा आफूलाई निश्चिन्तरूपले शुद्ध चैतन्य भनी जान्नुहुन्छ र त्यसकारण बुद्धिकृत पापबाट लिप्त हुनुहुन्न । त्यसपछि ज्ञाननिष्ठाबाट चित्त विनष्ट भइहाल्छ र चिन्मात्र परिशिष्ट रहन्छ ।

यसरी देखिन्छ कि पहिले चित्तलाई वहिर्मुख हुन नदिईकन संस्कारको बलले अन्तर्मुख (ईश्वरमा अर्पित किम्वा स्थापित) राख्नुपर्छ-यसको परिणामले चित्त चैतन्यस्वरूप (अचित्त) भइहाल्छ (र अन्तिम साक्षात्कार उदित हुन्छ) । तब नै चित्तको आत्यन्तिक विनाश या मोक्ष सम्भव हुन्छ ।

भगवान् शङ्कर भन्नु हुन्छ कि—

१। मन किम्वा चित्त आत्मादेखि उठ्छ यस्तो जानीकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन यदि त्यसको उत्पत्ति–स्थलमा स्थित भएर बस्छ (बाहिर विषयमा दौडँदैन) तब स्वयं नै चैतन्यरूप भइहाल्छ (सबै पदार्थको अधिष्टानलाई प्राप्त गर्छ) । नदी यदि उद्गमस्थान-बाट तल प्रवाहित भएर समुद्रसित मिल्ने यत्न गर्दैन (अर्थात् जाहाँबाट उठेको त्याहाँ नै स्थिर भएर स्थित हुन्छ) तब नदी बढीकन आफू नै समुद्र-रूपले परिणत भइहाल्छ ।

२। त्यसकारण सबै समयमा सम्पूर्ण दृश्य प्रपञ्चलाई मिथ्या जानीकन आफूलाई केवल शुद्ध चैतन्य भनी भावना गर्नू ।

चित्तको संसारमा भ्रमण गरिरहनु (विषय चिन्तनमा रत रहनु) हो निरर्थक र दुःखप्रद । संसार हो मरुभूमि झैं असार । संसारको सारा पदार्थ––देह, धन, जन––हो अविद्या-बाट रचना भएको र स्वप्नमा देखिएको पदार्थ झैं मिथ्या (विनश्वर) । त्यसकारण चित्तलाई अन्तर्मुख तुल्याएर हृदय-स्थित नित्य सत्य र सुख-रूप भगवान्मा अर्पण गरिदिनु–ईश्वरसित सर्वदा युक्त राख्नु––तब नै चिरसुखी हुन सक्छ ।

३। निर्जन स्थानमा सुखपूर्वक अवस्थान गरेर सम्पूर्ण वृत्तिरहित चित्तलाई चैतन्य मात्रमा स्थापन गर्नू र अत्यन्त सूक्ष्म बुद्धि (अन्तिम ब्रह्माकार वृत्ति) द्वारा सम्यक् प्रकारले अखण्ड (निर्विभाग) ब्रह्म चैतन्यलाई साक्षात्कारपूर्वक जगत्को अत्यन्त अभाव प्रत्यक्ष रूपले अनुभव गर्नू (हेरिहाल्नु)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्यक् ज्ञानी पुरुष अरूको दृष्टिमा वहिमु ख प्रतीत भए तापनि इन्द्रियबाट व्यवहार र जगत् दर्शन गरे तापनि त्यसमा उनको सहज र आत्यन्तिक मिथ्यात्व बुद्धि (ब्रह्मज्ञानको संस्कार बलले) उत्पन्न भइरहन्छ। ज्ञानीको र अज्ञानीको यो दुबैको व्यवहार हो अविद्या-रचित र दृश्य-कोटिमा अन्तर्भूत। ज्ञानी त्यसलाई मिथ्या भनी जान्नु हुन्छ र अज्ञानी त्यसलाई सत्य भनी मान्दछ। ज्ञानीको सर्वत्र आत्मदर्शन सहज सिद्ध र अव्याहत रहन्छ—तिनी विकार-रहित र समदृष्टि हुन्छन।

चित्त-नाशको क्रम चित्रबाट तल २०-२१-२२मा देखाइन्छ

ईश्वर हुनुहुन्छ जगत्को निर्माता र सबैको नियन्ता। त्यसकारण प्राणिको आफ्नो चेष्टाले—ईश्वरको नियमनदेखि भिन्न केही सिद्ध हुन सक्दैन। जो चाहिं हुने हो त्यो ईश्वरको नियम (प्रारब्ध) अनुसार नै हुन्छ। त्यसैले मनुष्यको सबै आशा हो निरर्थक र दुःखदायी मात्र। इच्छारहित (निश्चिन्त) भइकन स्थित भएपछि प्रारब्ध अनुसार सारा भोग ने कुने न कुने निमित्तले यथाकालमा जीवलाई प्राप्त भइहाल्छ। यो ऐश्वरीय नीतिको लंघन देवताहरू पनि गर्न सक्दैनन्। त्यसकारण संसारको चिन्ताबाट कुने सफलता (फाइदा) प्राप्त हुन सक्दैन।

प्रारब्ध किम्वा दैव हो अनात्म-विषय-सम्बन्धिशरीर धन जनसित्र केही कालको लागी संयोग हुनु र पछि वियोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

चित्र १

बहिर्मुख (संसार परायण)	अन्तर्मुख (ईश्वर परायण)
चित्त हो—चञ्चल (भएर उत्कण्ठायुक्त) अस्वरूपमा स्थिति—(१) प्रमाता र (२) जगत्-भाव-प्राप्ति । (यो दुईवटा हो चञ्चल अन्तःकरणको वृत्तिरूप मात्र)	चित्त हो अचंचल (निर्भय) स्व-स्वरूपमा स्थिति – आफ्नो सनातन साक्षि-चैतन्य-स्वभावलाई पाउनु । (उसमा त्रिपुटीरूप प्रतिबिम्ब या दृश्य छैन)
अ. स्वभाव–त्यो हो जड दृश्य र साक्षि-भास्य ।	आफ्नो स्वभाव हो—चैतन्य, दृक् (स्वयंप्रकाश)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

महादुःख	आनन्दानुभव
अन्तःकरण–विशिष्ट चैतन्यले (अर्थात् देहाभिमानी प्रमाताले) पदार्थको इच्छा (ममता) गर्छ । ममतादेखि दुःख हुन्छ ।	जसको देहाभिमान छैन त्यो साक्षि-स्वरूप भएकोलाई कुनै इच्छा (ममता) रहँदैन, त्यसकारण इन्द्रियबाट विषयलाई ग्रहण गरे तापनि निरभिमान साक्षिको कुनै राग द्वेष हुँदैन । (पदार्थको स्वरूपलाई अनुसन्धान गरेपछि देखिन्छ कि सारा पदार्थ हो आत्मरूप (चैतन्यरूप, किनकि सत्ता र स्फूर्ति हो चैतन्यरूप) त्यसकारण विवेकी पुरुषको पदार्थमा अर्थ-बुद्धि (सत्य बुद्धि)हुन सक्दैन)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu
CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्र २

अधिकारी	साधन	अवस्था
भक्त	संस्कारको बलले	नियन्ता भगवान्‌मा चित्तलाई स्थापन गर्छ ।
विचारवान् पुरुष	सूक्ष्म बुद्धिको सहारालेे	आफ्नो साक्षि-स्वरूपमा चित्तलाई स्थित राख्दछ ।
ज्ञानी	अत्यन्त सूक्ष्म बुद्धिद्वारा	ब्रह्म-स्वरूपलाई साक्षात्कार गर्नु हुन्छ । (अहंभाव र चित्त नष्ट भइहाल्छ)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनु समयमा मान अपमान सुख दुःख प्राप्त हुनु इत्यादि। किन्तु ईश्वर-भक्ति, सन्मार्गमा चलिरहनु, चित्तको समता, संतोष, आत्मविचार इत्यादि हो पुरुष-प्रयत्नले साध्य। स्थूल शरीर र पदार्थ (आधिभौतिक शरीर हो प्रारब्धको अधीन। सूक्ष्म शरीर, किम्वा मन (अन्तवाहक शरीर) हो पुरुष-कारको अधीन। प्रारब्धकर्म भोगिकन मात्र नष्ट हुन्छ। मनलाई नियमन गर्नु (ईश्वरमा स्थित राख्नु) हो पुरुषार्थ- अर्थात मनमा कुनै इच्छा उठ्न नदिईकन आफ्नो चैतन्य-स्वरूपमा अवस्थान गरिरहनु हो पुरुषार्थ।

मनुष्यको कर्तव्य हो आफ्नो प्रारब्ध कर्मको भोग गनु र साथै-साथ शुभ मार्गमा प्रवृत्त रहनाको लागी प्रबल प्रयत्न गर्नू। प्रारब्धानुसार जो कुछ घट्छ उसमा विकार प्राप्त नभएर समता र सन्तोषको अवलम्बनपूर्वक निरन्तर विचारपरायण र सावधान (साक्षि-स्वरूपमा स्थित हुनु।

प्र०-- इच्छा नउठाएर निष्कर्मा भएर कसरी रहन सकिन्छ ?

उ०— इच्छा नाश गन सुगम उपाय हो आफ्नो यथार्थ स्वरूपको भावना गर्नू। यसको परिणामले वासना नष्ट हुन्छ र कुनै सङ्कल्प अवशिष्ट रहँदैन र शरीरको चेष्टा स्वाभाविक (प्रारब्धानुसार) हुँदै रहन्छ।

प्र०—चैतन्य-स्वरूपको अनुसन्धान कसरी गर्नुपर्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—यसको युक्ति हो तीन प्रकार—

(१)—आफ्नो स्वरूप हो स्थूल शरीरदेखि भिन्न भन्ने धारण गर्नू (बुझिकन लिइराख्नु)। आफूलाई देहदेखि भिन्न आत्मा भनी जानेपछि अविद्याबाट रचिएको देहको लागी कुनै इच्छा उठ्न पाउँदैन। म हुँ आत्मा, शरीर र मन हो अनात्मा (म हैन), त्यसकारण देहादिसित मिलेर म कसरी पदार्थको लागी इच्छा गर्न सक्छु ? आफ्नो स्वरूपलाई नजानुन्जेल (अज्ञानले आफूलाई देह-विशिष्ट भनी मान्नुको परिणामले) इच्छा उठ्दछ। अविद्या-रचित देहको पालन पोषण र स्थिति यो सारा ईश्वरको नियति (प्रारब्ध) अनुसार भइरहन्छ।

(२)—शरीर हो जड र चैतन्यबाट प्रकाशित। तिमी हौ प्रकाशरूप। त्यसकारण विरुद्ध स्वभाव भएको शरीरसित तिम्रो कुनै संयोग हुन सक्दैन—परिणामले त्यो सित मिलेर तिमी कुनै वस्तुको इच्छा गर्न सक्दैनौ। प्रकाश्य वस्तुको सत्ता प्रकाशदेखि भिन्न हुन सक्दैन—प्रकाशरूप तिमीबाहेक देहादि पदार्थ वास्तवमा होइन। चैतन्य स्वरूपदेखि भिन्न जो कुछ देहादि पदार्थ भासदछ त्यसलाई स्वप्नको पदार्थ झैं मिथ्या भनी जान्नू। यसरी कुनै प्रकार सङ्कल्प किम्वा विकल्प उठ्न नदिईकन आफ्नो स्वरूपमा स्थित रहनू।

कुनै प्रतीयमान पदार्थलाई सत्य जानिकन त्यसको निति इच्छा गर्नु हो अनर्थको कारण। उसलाई मिथ्या जानीकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उसको लागी इच्छा गर्नु हो कल्याणका हेतु, चित्तलाई आत्म-स्वरूपमा राखेर–कुनै पदार्थको लागी मनमा इच्छा उठ्न नदि-ईकन (स्वाभाविक निरभिमान) चेष्टा भइरहेपछि–सजिलो-सित निरहंकार आनन्दरूप आत्मपद प्राप्त हुन्छ ।

किम्वा (३) "म होइन, जगत् पनि छैन" यसप्रकार सारा दृश्यको अभावलाई जानेपछि कुनै पदार्थको इच्छा उठ्न सक्दैन । यसरी इच्छा या अभिमानपूर्वक चेष्टा हुँदैन किन्तु अविद्या-रचित शरीरको यथासमयमा सबै चेष्टा स्वाभाविक (प्रारब्धानुसार) हुँदैरहन्छ यो हो मायावी ईश्वरको नियम (नियति) । यसप्रकार युक्तिको सहारा ले सारा अनात्म वासनालाई नष्ट गर्नुपर्छ ।

प्र०—"म होइन" यो कसरी सिद्ध होला ?

उ०—देह-विशिष्ट परिच्छिन्न तिमी (अहंकार) हो स्वप्नमा देखिएको मानिस झैं मिथ्या । परिच्छिन्न तिमी (अहं-भाव सत्य होइन । तिम्रो यथार्थ चैतन्य-स्वरूपलाई जान्ने उपाय (युक्ति) हो कि जब जुन "म" (परिच्छिन्न अहं) भाव स्फुरित हुन्छ तब तब नै तिमीले निश्चयपूर्वक धारण गर्नुपर्छ कि "म" भन्ने कोही छैन । यसप्रकार भावना दृढ भएपछि अहंकार नष्ट हुन्छ र आत्मतत्वको साक्षात्कार उदित हुन्छ । त्यसकारण प्रयत्नपूर्वक "म होइन, जगत् पनि छैन" यसप्रकार भावनालाई अभ्यास गर । अहं मम नरहनुको नाम हो ज्ञान–त्यसैलाई नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वर-विज्ञान भनेको छ—त्यो नै हो सम्यक्पद किम्वा परम ब्रह्म।

धैर्यको अवलम्वन-पूवक क्रम-क्रमले अनात्म-वासनालाई पराभव गर्नुपर्छ। दृढ अभ्यस्त देह आदि अनात्म-वासनाको निवृत्ति दीर्घकालीन पुरुषकारलाई प्रयोगबाट संभव हुन्छ। परमात्म-वासनालाई वृद्धि गराउनु नै हो मनुष्य-जीवनको एक मात्र कर्तव्य। संसारमा आसक्ति घेरै जन्मको अभ्यासले अत्यन्त पुष्ट भए तापनि-त्यसको क्रम-क्रमले पराभव सिद्ध हुन्छ। त्यसको लागी प्रवल प्रयत्नको आवश्यक छ। यो हो हरेक मनुष्यको आफ्नो अधीन। अशुभ वासना दैवबाट प्राप्त भएको छैन—त्यसको प्रतीकार सम्भव छ—प्रयत्नको सहायले त्यसलाई जित्न सकिन्छ। यसैको नै नाम हो पुरुषकार। गीता-मृत ग्रन्थ पृष्ठ ५५२-५५३ हेर्नुहोस्)।

दैव (ईश्वरको अधीनता) र पुरुषाथ (जीवको स्वतंत्रता) को सम्बन्धमा संक्षिप्त निर्णय तल बताइन्छ—

१। जीवले पूर्वकृत आफ्नो फलोन्मुख कर्मलाई निवारण गर्न सक्दैन। जो बाण हातबाट गइसकेको छ त्यसलाई कोही रोक्न सक्दैन यसको नाम हो दैव।

२। नवीन कर्तव्य गर्नुमा जीव हो स्वतन्त्र। पछि जो बाण छोडिन्छ। त्यसलाई मानिस रोक्न सक्छ। यसैलाई पुरुषार्थ भन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३। नूतन शुभकर्म गर्नुको बाटोमा पूर्वजन्मको कम बाधा दिन सक्छ किम्वा प्रेरणा पनि गर्न सक्छ। यदि बाधा दिन्छ तब वर्तमान जन्मको अधिक बलवान् पुरुषार्थद्वारा त्यो बाधा-लाई अतिक्रमण गर्नुपर्छ, बारंबार बिघ्नद्वारा प्रतिहत भए तापनि पूर्व संचित अशुभकर्मको वासनालाई–प्रबलप्रयन्नद्वारा–जीतेपछि शुभमार्गमा अवश्यनै सफलता प्राप्त हुन्छ। पुरुषार्थ गर्नु हो जीवको अधीन।

योगवाशिष्ठमा भनिएको छ--लौकिक किम्वा वैदिक प्रसंगमा-सर्वत्र-बलवान्को नै जय हुन्छ। वर्तमान जन्मको अधिक बलवान् पुरुष-प्रयत्नले अवश्य नै पूर्वजन्ममा संचय गरिएको अशुभवासनालाई पराभव गर्न समर्थ हुन्छ। शुभ र अशुभ यो दुइ मार्गमा कर्म-वासनारूप नदी प्रवाहित भइरहेको छ। पुरुषार्थबाट त्यो नदीलाई शुभ मार्गमा बगाउनुपर्छ। पहिले गएको ("दैव र पुरुषकार" निबन्ध हेर्नुहोस्)।

(घ) ज्ञान-साधन-प्रश्नोत्तरी

प्र०—चैतन्य-स्वरूप आत्मालाई मैले दर्शन गरिसकेको छु; त्यसकारण मेरो कुनै कर्तव्य छैन ?

उ०—त्यो आत्म-दर्शनलाई स्थिर राख्नु हो तिम्रो महान् कर्तव्य। आत्म-स्वरूपमा स्थित नभएपछि त्यो हो ज्ञानको आभास मात्र (साक्षात्कार होइन) सम्यक् ज्ञान प्राप्त भएपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयको चिन्तन किम्वा अर्थको अर्जन आदिमा इच्छा रहन सक्दैन ।

प्र०—यस्तो ज्ञाननिष्ठाको उपयोगी साधनको उपदेश गर्नुहोस् ।

उ०—बुद्धिलाई अखण्डाकार (ज्ञाता आदि विभागले रहित) गर्नू साधन गीतामृत ग्रन्थ पृष्ठ ४७ र ६२२-६२३ र गीतामृत सार संग्रह पृष्ठ १८-४६ मा वर्णित भएको छ ।

श्रवण र मननको सहायताले आत्मस्वरूपको सामान्य ज्ञान (अदृढ अपरोक्ष) अनुभव हुन्छ । किन्तु त्यसबाट संसारको निवृत्ति परमानन्द प्राप्ति (मुक्ति) सिद्ध हुन सक्दैन । (गीतामृत पृष्ठ ४४५-४४६ र शान्ति-गीता पृष्ठ १७४-१७५ हेर्नुहोस्) । श्रवण र मनन रूप साधन दृढ भए तापनि-अर्थात् प्रमाणगत संशय र प्रमेयगत संशयको निराकरण भए तापनि —पूर्व अभ्यस्त अनात्म-वासनाको बलले स्वयं प्रकाश आत्म-स्वरूपमा कर्तृत्व भोक्तृत्वको प्रतीति भइरहन्छ । त्यसकारण मुमुक्षु पुरुषको कर्तव्य हो अनात्मवृत्ति-व्यवधान-रहित केवल ब्रह्माकारवृत्तिको स्थितिरूप निदिध्यासनको अभ्यास । मनन गर्दै रहे चित्तको वृत्ति एकाग्र भएर ब्रह्माकारमा परिणत हुन्छ । यो ब्रह्माकार-वृत्ति यदि दीर्घकालसम्म स्थिर भएर स्थित रहन्छ तब त्यसलाई निदिध्यासन भनेको छ (योग शास्त्रमा यसैको नै नाम हो सम्प्रज्ञात समाधि, (गीतामृत पृष्ठ ११६ हेर्नोस्) । व्यवधानरहित ब्रह्माकार वृत्तिरूप चित्तको समता उदित भए-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि काम-क्रोध-रूप वृत्ति मुमुक्षु पुरुषको हृदयमा कदाचित् उत्पन्न हुन्छ (पहिलेको जस्तो सँधै उत्पन्न हुँदैन)।

प्र०—मनन केलाई भनेको छ ?

उ०—एकान्त ठाउँमा स्थित भएर र सर्वप्रकारले स्वतंत्र भएर जीव र ब्रह्मको अभेद साधक र भेद-बाधक जुक्तिको सहारासे अद्वितीय ब्रह्मस्वरूपको चिन्तन गर्नुको नाम हो मनन (गीतामृत ४४१-४४ पृष्ठ हेर्नुहोस्)। जुक्तिद्वारा नित्य ब्रह्म-चिन्तनरूप विचारको अभ्यास भए प्रतिक्षणमा अद्वितीय चिदानन्द स्वरूपको बोध (याद) निःसन्दिग्ध रूपले भइ-रहन्छ। परिणामले ब्रह्मस्वरूप र आफ्नो भिन्न जो अभेद भाव विद्यमान छ उसमा चित्त स्थित भइरहन्छ (कदाचित् बुद्धि-पूर्वक गरिएको पापबाट पनि लिप्त हुँदैन)।

प्र०—ब्रह्मस्वरूपदेखि मुमुक्षु पुरुषको भेद प्रत्यक्ष-सिद्ध छ ?

उ०—ब्रह्मस्वरूप र आफ्नो भिन्न अभेद भाव हो नित्य-सिद्ध र उपाधिले गरिएको भेद हो अनित्य। त्यसकारण नित्य अर्थमा नै मुमुक्षुको स्थिति हुन्छ—(यो नै हो नियम) जीव सुषुप्तिकालमा चित्तरहित (ब्रह्म) भएर स्थित हुन्छ।

प्र०—जीव, ब्रह्मको अभेद-साधक जुक्ति के हो ?

उ०—श्रुतिमा आत्मालाई सत्यरूप चैतन्यरूप र आ-नन्दरूप बताइएको छ। त्यस्तो ब्रह्मलाई पनि सच्चिदानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप भनेको छ । त्यसकारण आत्मा (आफू) हो ब्रह्मरूप ।

किम्वा

जुनचाहिँ व्यापक (सर्वत्र विद्यमान हो) त्यसलाई ब्रह्म भनेको छ । त्यसैले तिमीमा पनि ब्रह्म विद्यमान छ (किनकि तिमी ब्रह्मदेखि भिन्न भएपछि ब्रह्म सर्वव्यापी हुन पाउँदैन) । त्यसकारण तिमी (आत्मा) ब्रह्मदेखि भिन्न होइनौ ।

किम्वा

आत्मादेखि ब्रह्म यदि भिन्न हुँदो हो तब ब्रह्म घटादि झैं अनात्मा र जड भइहाल्थ्यो । त्यसकारण ब्रह्म तिमिदेखि भिन्न होइन । "तिमी हौ ब्रह्म" यसप्रकार महावाक्यले अभेद नै प्रतिपादन गर्छ ।

किम्वा

यस विषयमा अनुमान जुक्ति पनि छ—
जीव हो ब्रह्मदेखि अभिन्न,
किनकि जीव हो चेतन,
जहाँ चेतन विद्यमान छ त्याहाँ ब्रह्मदेखि अभेद पनि छ,
जस्तो ब्रह्मस्वरूप (चेतनता र अभेद विद्यमान छ ।)

प्र०—मनन र निदिध्यासन भए समाधि प्राप्त भो । तब ज्ञानलाभको लागी अरू के बाँकी रहन्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उ०—आत्मज्ञान प्राप्त भए तापनि विपरीत भावनाको क्षय नहुन्जेल मनुष्यको जन्म-मरण रूप संसाररोग निवृत्त हुन सक्दैन। जस्तो आगो प्रदीप्त भए तापनि—मणिमंत्र र औषधिबाट प्रतिबद्ध भएको हुनाले-काठलाई जलाउन समर्थ हुँदैन। त्यस्तो विपरीत भावना (देहादिमा आत्मबुद्धि र जगत्मा सत्यताबुद्धि) दुष्टाचार आदि (विषयाकार वृत्तिको उत्पत्तिको हेतु) बाट प्रतिबद्ध भएर ज्ञानरूप आगो—अत्यन्त प्रज्वलित भए तापनि पापहरूलाई डढाउनुमा समर्थ हुँदैन। यसकारण निर्विकल्प समाधिमा अन्तिम साक्षात्कारको उदय नहुन्जेल ज्ञाननिष्टाको अत्यन्त आवश्यक छ।

प्र०—यसमा शास्त्र प्रमाण छ कि ?

उ०—माथि बताइसकेको छ आगोको दृष्टान्त पराशर मुनिले बताउनु भयो। यो गवाशिष्टमा पनि दासुर मुनिले पनि भन्नुभो "परम सुख प्राप्तिको निंति सारा सङ्कल्प (चित्तवृत्ति) देखि रहित भएर आत्मस्वरूपमा स्थित रहनु बाहेक अरू कुनै उपाय छैन। गीतामा (६।४७ श्लोकमा) भनेको छ—"हे अर्जुन, निर्विकल्प समाधि कालमा प्रशान्त चित्त, सत्व रज र तमोमल रहित (त्रिपुटी-भाव-वर्जित), ब्रह्म-दृष्टि-युक्त र ज्ञानी जोगी पुरुषले अनुत्तम सुखलाई (ब्रह्मानन्दलाई) अनुभव गर्नुहुन्छ। निदिध्यासनको अभ्यासले जोगी पुरुषको चित्तले सारा मल परित्याग गरेर चैतन्य मात्र भइहाल्छ।) गीतामृत १६६ र २०१ हेर्नुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—सत् चित् सुखस्वरूपमा स्थितिको बारेमा सहज रूपले बताउनुहोस्।

उ०—वेदान्तशास्त्रमा देखाइएको उक्तिको सहारासे विवेचन-पूर्वक देहेन्द्रियादिको आरोपलाई परित्याग गरिकन आफ्नो सनातन स्वयंप्रकाश परमानन्द स्वरूपको दृढ निश्चय गर्नुपर्छ। यो नै हो बिवेकबाट देहइन्द्रियरूप ज्ञेय भावको शान्ति या ज्ञेय भावबाट मुक्ति। सारा ज्ञेय भाव या दृश्य हो अन्तःकरणको विकार (वृत्ति) मात्र। समाधिको सहाराबाट त्यसको परित्याग भएपछि केवल अखण्ड चैतन्य (शुद्ध प्रकाश मात्र) परिशिष्ट रहन्छ। परिज्ञात भएको यो आफ्नो अखण्ड ज्ञानस्वरूपमा अज्ञान किम्वा कुनै रूप दृश्यको (ज्ञेय वस्तुको फेरि आविर्भाव हुनु सम्भव छैन।

प्र०—यस्तो स्वरूप स्थितिको सरल क्रम बताउनुहोस्।

उ०—(१) चित्तलाई ब्रह्माकार तुल्याएर पहिले ध्याता र ध्येय भावलाई राख्नु ("मैले ब्रह्मरूपलाई ध्यान गरी राखेको छु" यस प्रकार चिन्तन गर्नु)। यो हो ध्यान।

पछि (२) ध्याता भावलाइ परित्याग गरिकन चित्त-लाई ध्येयाकारमा मात्र आकारित राख्नु। अर्थात् तिमी साक्षिरूपले केवल ध्येयाकार वृत्ति-प्रवाहलाई प्रकाश गरी-रहन्छौ। यसलाई सम्प्रज्ञात समाधि भनेको छ। यसमा चित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक रूपले अवस्थित रहन्छ—त्रिपुटी भावमा प्राप्त हुन सक्दैन। यसकारण यसलाई समाधि भनेको छ।

अन्तमा (३) चित्तको सारा मल नष्ट भएपछि चित्त विनष्ट भइहाल्छ। (शुद्ध निर्विभाग चैतन्यमा कुनै रूप दृश्य रहँदैन)। शान्ति गीता पृष्ठ १७७ हेर्नुहोस्। यसप्रकार चित्त-नाश साक्षि-द्वारा प्रकाशित हुन्छ। यसलाई परिपक्व निर्विकल्प समाधि किम्वा निरावरण ब्रह्मरूपमा सम्यक् स्थिति (या अन्तिम साक्षात्कार) भनेको छ। यसरी परिज्ञात स्वयंप्रकाश अखण्ड सुखरूप आफ्नो सनातन ब्रह्मस्वभाव परिशिष्ट रहन्छ। यसको नै नाम हो मोक्ष।

प्र०—दृश्य र द्रष्टाको तीन प्रकारको अवस्था स्पष्ट गरेर बताउनुहोस्।

उ०—पहिले विचार र ध्यान सम्बन्धमा आलोचना गर्ने बेलामा बताइसकियो कि साक्षि-स्वरूपको चिन्तन हो विषय-चिन्तनदेखि घेरै उत्कृष्ट। ध्यान आदि चित्तको सारा वृत्ति (त्रिपुटी) सर्वदा साक्षि-द्वारा प्रकाशित भइहाल्छ। कुनै वृत्तिको भाव किम्वा अभावलाई तिमी साक्षात् र साधनको अपेक्षा विना जानिहाल्छौ। यसरी साक्षिको तीन अवस्था साधन-कालमा हुन्छ। चित्रबाट तल पृष्ठ ३४।३५ मा यो देखाइन्छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

चित्र १

दृश्य-सम्बलित साक्षिको अवस्था-भेद

(१) ध्यान	(२) समाधि (सम्प्रज्ञात)	(३) समाधि
ध्याता ध्यान र ध्येयाकार त्रिविध वृत्तिलाई तिमी साक्षिरूपले जानी रहन्छौ । दृश्य त्रिपुटी रहेको छ, साक्षि तिमी पनि रहेका छौ ।	ध्येयाकार वृत्ति मात्र, रहेको छ तिमी नित्यसको साक्षिरूपले विद्यमान छौ ।१	(*असंप्रज्ञात या निर्विकल्प*) वृत्ति-रहित चित्त साक्षि-स्वरूपमा लीन भएको छ ध्येयाकार वृत्ति पनि छैन, अर्थात् सारा चिन्तन-लाई परित्याग गरेर तिमी स्वाभाविक आफ्नो नित्य सिद्ध साक्षि-स्वरूपमा अवस्थित भइरहेका छौ—तिमी सारा दृश्य-रहित निर्विकल्प दृक् प्रकाशस्वरूपमा विद्यमान छौ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीले त्रपुटी-लाई जानीराखेका छौ । (तिमी हौ त्रिपुटीको साक्षि)	तिमीले केवल ब्रह्मस्वरूपलाई जानीराखेका छौ । (तिमी हो केवल ब्रह्माकार मनोवृत्तिको प्रकाशक ।) ध्येयाकार वृत्तिरूप दृश्य साक्षि भास्य रूपले विद्यमान छ। भेद रहेको छ ।	तिमी परिज्ञात आफ्नो सनातन परिपूर्ण प्रकाश-स्वरूपमा अवस्थित छौ (तिमी ज्ञात ब्रह्म रूपले बसेका छौ, चित्त आदि कुनै दृश्य विद्यमान छैन) ध्येयाकार वृत्ति छैन, किन्तु अत्यन्त सूक्ष्म-ब्रह्माकार वृत्ति अभिन्न रूपले वर्तमान छ (यो नै हो सुषुप्तिदेखि निर्विकल्प समाधिको भेद) । किनकि त्यसो भए आफूलाई ब्रह्मरूपले साक्षात् जान्नु सम्भव हुने थिएन । त्यसकारण *अभेद रहेको छ* (द्रष्टा दृश्य-रहित भएको छ) । यसकारण ब्रह्माकार वृत्ति समाधिकालमा ज्ञात हुँदैन (जानिँदैन) समाधिबाट उठेपछि अहं भाव जागीहाल्छ र समाधि-स्मरण हुन्छ । त्यसैले शास्त्रमा भनेको छ कि निर्विकल्प समाधिमा ब्रह्माकार वृत्ति साक्षि-प्रत्यक्षरूपले विद्यमान रहन्छ ।

वास्तवमा साक्षात्कृत आफ्नो ब्रह्म स्वरूपमा *अभेद पनि छैन* ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्र०—यसको सार संक्षेप के हो ?

उ०—प्रारब्ध कर्मको फलले अविद्या-रचित (असार देहादि अनात्म प्रपञ्चको प्रतीति भए तापनि असार विषय चिन्तनलाई वर्जन गरेर—किनकि पाँचभौतिक जगत्को सारा व्यापार सगुण स्वतन्त्र (मनुष्यको इच्छा निरपेक्ष) ईश्वरबाट नियंत्रित भईरहेको छ—केवल आफ्नो परमार्थ सत्य चैतन्य-स्वरूपमा चित्तलाई स्थापन गर्नु हो ज्ञाननिष्ठा किम्वा पुरुषार्थ। यसकारण ज्ञाननिष्ठा किम्वा ब्रह्माभ्यासको सार कुरा हो चित्तको वृत्ति किम्वा विकलपलाई छिनछिनमा बन्द गर्दिनु। प्रमाता-भाव र विषयको इच्छा हो चित्तको विकल्प। प्रमाता-भाव उठेपछि चित्तमा नाना प्रकारको इच्छा उठीहाल्छ। सारा त्रिपुटी-भाव-अनात्म वासनाबाट उत्पन्न हुन्छ। संसारको असारता र विषयको दोष चित्तमा आरुढ भएपछि (तिमीले बेसरी बुझेपछि) तिम्रो मनमा पदार्थको इच्छा (अर्थात् म-भाव र विषयाकार वृत्ति) शिथिल हुँदै जान्छ र क्रमैले चित्त विनष्ट हुन्छ।

प्र०—संसारको असारताको बारेमा बताउनुहोस्।

उ०—जगत् हो समुद्र भै। आसक्ति हो पानी, काम, क्रोध हो जलजन्तु, भ्रम हो आवर्त, सुख दुःख हो तरङ्ग, चिन्ता हो बडवाग्नि, र तृष्णा हो प्रबल वायु जुन मनुष्यको चित्तरुपी जहाज यो जगत्-रूप समुद्रमा परेको छ त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तःकरणमा धैर्य आदि दैवी सम्पत्ति उदित हुन सक्दैन। त्यसकारण मुमुक्षु पुरुषले जगत्को पदार्थबाट चित्तलाई तृष्णा-रहित गराउनु पर्छ।

प्र०—विषयमा आसक्ति किन हुन्छ ?

उ०—शब्द आदि विषयमा सुख छ भन्ने भ्रमको फलले विषयमा आसक्ति हुन्छ।

प्र०—विषयमा सुख छैन भन्ने कसरी सिद्ध हुन्छ ?

उ०—शब्द आदि सारा विषय पदार्थ नीरस हो यो युक्ति र प्रमाणबाट सिद्ध छ। सुन—

(१) युक्ति

विषयमा आनन्द भए एक विषयबाट तृप्त भएको मानिसको (अरू विषयको लागी इच्छा उदित भए तापनि प्रथम विषयबाट आनन्द भइरहनु पर्ने थियो। तर यस्तो हुँदैन। यस बाट सिद्ध हुन्छ कि विषयमा आनन्द छैन।

किम्वा

कुनै मानिसको प्रिय पुत्र किम्वा अत्यन्त प्रिय बान्धव धेरै दिनपछि अकस्मात् प्राप्त भए पहिला जो आनन्द हुन्छ त्यो आनन्द सँधै रहँदैन। किन्तु आनन्दको हेतु जो प्रिय पुत्र किम्वा प्रिय बान्धव हो त्यो नजिकमा रहे तापनि सुखको अनुभव गर्दैन। त्यसकारण सिद्ध हुन्छ कि पदार्थमा आनन्द छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किम्वा

विषयमा आनन्द भए समाधिकालमा जो योगानन्दको अनुभव हुन्छ त्यो हुनु सम्भव हुँदैनथ्यो। किनकि समाधिमा कुनै विषयसित सम्बन्ध छैन। त्यसकारण विषयमा आनन्द छैन।

किम्वा

केवल विषयमा यदि आनन्द भए सुषुप्तिमा आनन्दको भान नहुनु पर्ने, किनकि सुषुप्ति कालमा कुनै विषयसित मनुष्यको सम्बन्ध रहँदैन। त्यसकारण विषयमा आनन्द छैन।

(२) प्रमाण

वेदमा भनेको छ कि आत्म-स्वरूप आनन्दको लेश मात्र प्राप्त भएर सारा प्राणी आनन्दित हुन्छ। त्यसकारण बिषयमा आनन्द भएन।

प्र०—विषयमा यदि आनन्द छैन भने आनन्दको भान किन भइरहन्छ ?

उ०—जस्तो रातो फूलसित सम्बन्ध भएको स्फटिकमा लाल रङको प्रतीति हुन्छ त्यस्तै विषयद्वारा उपहित चैतन्य-स्वरूपको आनन्द विषयमा प्रतीत हुन्छ। विषय-उपहित चित्-स्वरूप आनन्दको सम्बन्ध हो चैतन्यसित। तर यो सम्बन्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिर्वचनीय रूपले विषयमा उत्पन्न हुन्छ । यसलाई अनिर्वचनीय ख्याति भनेको छ । अभिलषित विषयको आकारमा आकारित चित्तवृत्ति उत्पन्न भएपछि मात्र विषय-उपहित चित्-स्वरूप आनन्दको भान हुन्छ (अरू विषयाकार वृत्ति उत्पन्न भए आनन्दको भान हुँदैन—केवल अभिलषित पदार्थ सुखकर प्रतीत हुन्छ) ।

प्र०—त्यसो भए आनन्द कति प्रकारको हो ?

उ०—आनन्द हो तीन प्रकारको:—

(१) इष्ट विषयको प्राप्ति क्षणमा-विषय को आकारमा आकारित, शान्त (विषय संस्कार युक्त) चित्त साक्षि-चैतन्य-सित तद्रूपता प्राप्त भएपछि आनन्दको अनुभव हुन्छ । यसलाई विषयानन्द (किम्बा राजसिक सुख) भनेको छ । यो हो क्षणिक ।

(२) विवेक र विचारको फलले स्थिर आत्माकार वृत्ति (शरीरको भित्र स्थित आत्म-स्वरूपको आकारमा आकारित स्थिर बुद्धि-वृत्ति किम्वा सबिकल्प समाधि) उत्पन्न हुन्छ । तब उत्तमानन्दको (सात्विक सुखको) अनुभव हुन्छ । समाधिबाट उठेपछि यो सुख रहँदैन ।

(३) सविकल्प समाधिको अभ्यासको फलले सजातीय संस्कार बढेर आउँछ र यसको (तृतीय ज्ञान भूमिकाको) परिपाकले चित्तको रसास्वाद आदि सारा प्रतिवन्ध विनष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए चित्त अत्यन्त अखण्डाकारमा (निरुपाधि निर्विभाग ब्रह्मस्वरूपको आकारमा) आकारित हुन्छ र निर्विकल्प समाधिमा विम्वभूत अविनाशी ब्रह्मानन्दको साक्षात् अनुभव हुन्छ । यो हो उत्तमोत्तम आनन्द ।

तल पृष्ठ ४१ मा चित्रबाट यो त्रिविध आनन्द विस्तृत रूपले देखाइन्छ—

प्र०—सम्पूर्ण निष्कर्ष के हो ?

उ०—निष्कर्ष यो हो कि चिदानन्द आत्म-स्वरूपको प्रकाश सर्वदा अव्याहत छ—त्यसको अनुभव स्वतः सिद्धरूपले सँधै विद्यमान रहेको छ । उसमा चित्त किम्वा त्यसको कुनै विकल्प छैन । अज्ञानले चित्त कल्पित भए जब कुनै सङ्कल्प उठ्छ—त्यसलाई पनि चैतन्यस्वरूप आत्माले प्रकाश गरिहाल्छ (तिमी जानिहाल्छौ फेरि जब कुनै विकल्प या वृत्ति (चित्तको चलन या स्पन्दन या स्फुरण) रहँदैन तब पनि यस विकल्पको अभावलाई चैतन्यस्वरूप आत्माले साक्षात् प्रकाश गर्छ (तिमी त्यस अभावलाई तुरुन्त जानिहाल्छौ) । त्यसैले विकल्प कुनै वस्तु होइन । कसरी चित्त मिथ्या भनी सिद्ध हुन्छ ? तिमी हौ सारा विकल्प-रहित, अविद्या-विनिर्मुक्त चित् सदानन्द ब्रह्म । कुनै प्रकार विकल्पलाई उठ्न नदिएर आफ्नो यथार्थ स्वरूपमा सम्यक् स्थित भइहाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

प्रतिविम्ब	———	विम्ब
[१]	[२]	[३]
विषयानन्द	स्थिर आत्माकारबुद्धि–वृत्तिमा प्रतिविम्बित अन्तरात्माको स्वरूप-भूत आनंद	ब्रह्मानन्द
राजस सुख	सात्विक सुख	गुणातीत (निर्गुण) सुख
क्षणिक	विनश्वर	अविनाशी
चित्त विषय–संस्कार–युक्त (र दुःख–दायी) हुन्छ अविद्यामा लीन भएको (विषयाकार-चित्त)।	चित्त सजातीय-संस्कार-युक्त (र सुख दायी) हुन्छ। (आत्म चैतन्यसित तद्रूप भएको आत्माकार चित्त)।	चित्त चैतन्यरूप भइहालेको (चित्त-भाव-विनष्ट भो)। (चित्त अखण्ड ब्रह्मस्वभावमा प्राप्त भएको किम्वा अधिष्ठान चिन्मात्र स्वरूपमा सम्यक् स्थिति भएको)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu
CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी निर्विकल्प समाधिमा चित्तको मिथ्यात्व दृष्ट भए अपरोक्ष चित्त-भ्रम, प्रमाता-भाव र जगत्को भ्रम विनष्ट भइहाल्छ र सम्यक् ज्ञानवान् जोगी कृतकृत्य भइहाल्छ—तिनको कुनै प्राप्तव्य वस्तु रहँदैन—र सारा दुःख तिनको सम्यक् निवृत्त भइहाल्छ ।

प्र०—गीताको परमसार के हो ?

उ०—गीतोपदेशको सार सिद्धान्त हो चार वटा—

(१) ईश्वर हुनुहुन्छ एकमात्र परमार्थ सत्य वस्तु । ईश्वर-स्वरूपदेखी भिन्न अरू केही छैन ।

(२) अज्ञानले कल्पित भएको सारा प्रपञ्चको सार (अर्थात् सत्ता स्फुरण र सुख) हो एकमात्र भगवान् । सारा मायिक पदार्थमा ईश्वर व्यापकरूपले र अत्यन्त नजीक अवस्थित हुनुहुन्छ र सारा प्राणिको अन्तरमा परमार्थ सार-रूपले विद्यमान हुनुहुन्छ (उहाँ सबैको वास्तवरूप हुनुहुन्छ) ।

(३) सर्वज्ञ सर्वनियन्ता सर्वशक्तिमान् र सबैको एक मात्र परिपालक परमेश्वर सर्वदा तिम्रो सँग साथ हुनुहुन्छ—तिम्रो अत्यन्त समीपमा (नजीकमा) एकमात्र सत्यवस्तुरूपले तिम्रो नै मित्र, तिम्रो मनको साक्षि-रूपले ईश्वर सँधै अवस्थित भइरहेको हुनुहुन्छ । उहाँ तिमीदेखि अलिकति पनि टाढा होइन । उहाँलाई खोज्नको लागी कतै पनि जानुपर्दैन । तिनी सबैको अन्तरमा र बाहिर पनि प्रकाशित भइरहेका छन् । तिनी नै हुन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकमात्र सार वस्तु र तिनलाई प्राप्त गरेपछि अरू कुनै पदार्थ-लाई लाभ गर्न प्रयोजन रहँदैन। तिनीलाई नै लाभ गर्नुको लागी प्रयत्न गर्नु हो श्रेष्ठ पुरुषार्थ।

(४) तिनलाई पाउनाको लागी अन्तर्मुख र स्थिर भएर स्थित भए—तिम्रो सारा बुद्धि-वृत्तिको ज्ञाता किम्वा प्रकाशक रूपले तिमी पहिले तिनलाई (ईश्वरलाई) बुद्धिमा प्रतिविंवित भनी अनुभव गर्न पाउँछौ। यो नै हो तिम्रो अन्तः-करण-विशिष्ट प्रमाता-भाव। यसपछि तिमी जान्दछौ की तिमी हौ देहाभिमान-रहित बुद्धिदेखि पृथक् (बुद्धिको द्रष्टा, विम्वभूत शुद्ध चैतन्य (ईश्वर-समर्पण भए आफूलाई ईश्वरदेखि अभिन्न भनी जान्न सक्दछ)। यो हो ज्ञानी भक्त किम्वा निर्गुण उपा-सकको भूमिका। त्यसपछि ज्ञाननिष्ट भएर अन्तिम साक्षात्कार लाभ गर्छौं। यसैलाई नै ईश्वर-लाभ किम्वा ईश्वर-विज्ञान भनेको छ।

यो चतुर्विध क्रमको विस्तृत विवेचन अमूल्य गीतामृत ग्रन्थमा गरिएको छ।

योगवाशिष्ट ग्रन्थमा यो क्रम पञ्चविधरूपले देखाइ-एको छ—

(१) यो संसार हो मिथ्या भन्ने जानीकन संसारको सारा पदार्थबाट वैराग्य हुनु-कुनै पदार्थको लागी इच्छा नगर्नू।

(२) सत्संग-लाभ र शास्त्र-विचार,

(३) उसमा दृढ भावना,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) जगत् असत्य भास्छ र हृदयमा शान्ति हुन्छ,

(५) आफूलाई स्वभावतः ब्रह्म भनी जान्दछ,

अन्तर्मुख (ईश्वरको अभिमुख) भए विवेक उत्पन्न हुन्छ। (जगत् विरस हुन्छ–संसारको पदार्थको लागी अनिच्छा हुन्छ)। त्यसपछि विचार या आत्माको अभ्यास आउँछ। आत्माको दृढ भावना भए आफ्नो चैतन्य-स्वरूपमा स्थित हुन्छ र पूर्णानन्द प्राप्त हुन्छ।

योगवाशिष्ठ ग्रन्थमा अरू ठाउँमा यो क्रम चतुर्विध रूपले देखाइएको छ—

(१) संसारको पदार्थको लागी इच्छा उठ्न नदिनू (इच्छालाई नष्ट गर्नू)।

(२) सन्तोष अवलम्बन गर्नू,

(३) आत्माको अभ्यास भए आफ्नो चैतन्य-स्वरूप प्रकाशित हुन्छ र त्यस स्वरूपमा स्थिति हुन्छ (आत्म-स्वरूपको अनुभव हुन्छ),

(४) परमानन्द प्राप्त हुन्छ (सर्वात्म-रूपले स्थिति हुन्छ) मन अमन भइहाल्छ—सम्पूर्ण विषयको इच्छा निवृत्त हुन्छ।

गीतामा बताइएको यो क्रम हो मध्यम अधिकारीको लागी। उत्तम अधिकारीले (जसले चित्तलाई रज्जु सर्प झैं मिथ्या भनी जान्नुहुन्छ) महावाक्य-श्रवणपूर्वक विवेक र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनात्म-निरसनद्वारा सम्यक् (प्रतिवन्ध रहित) साक्षात्कार प्राप्त गर्छ (गीतामृत पृष्ठ १९३ को तल र ४१० हेर्नुहोस्) वास्तवमा जस्तो रज्जु नै छ; सर्प छैन त्यस्तो केवल शुद्ध चैतन्य आत्मा वा ब्रह्म) छ, चित्त छैन । त्यसकारण (जीव र सगुण ईश्वर) छैन । एक विविक्त निरूपाधि निर्दृश्य दृक्स्वरूप स्वयं र सर्वदा प्रकाशित भइरहेको छ । (गीता ग्रन्थरत्नमा यो उत्तम सिद्धान्त विस्तृत रूपले प्रतिपादित भएको छ । "अद्वैत अनुभवको लागि समाधि आवश्यक छ कि ?" भन्ने निवन्ध हेर्नुहोस् ।

हरिः, ॐ, तत्सत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(9) वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

०४/१२/२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक पाइने ठेगाना

१. श्री कृष्ण गोविन्द	नारायण
२. बाबुराम गोविन्द	खुदीवेणि
३. वैकुण्ठलाल वसन्तलाल	कुन्छाबजार
४. श्यामकुमार यमुनाकुमार	बन्दीपुर
५. भक्तिदास	असन थानामनिको किराना पसल काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu